# पलाँता गाउँ पालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पलाँता, कालीकोट

# आ.व. २०७९।०८० को
# नीति तथा कार्यक्रम

**विष्णु बहादुर रोकाया (इन्द्र)**
**अध्यक्ष**
**पलाँता गाउँ पालिका**
**कालीकोट**



Scanned with CamScanner

- भौगोलिक विकटता र जनसंख्याको चापलाइ मध्यनजर गरी साविकको इलाका स्वस्थ्य चौकी धौलागोह लार्फकोटलाइ ५ सैयाको स्वस्थ्य सस्था सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ।

- पलाता गा.पा.को प्रत्येक वडामा रहेका स्वास्थ्य इकाईहरुलाइ पूर्वाधार र आवश्यक जनशक्तिको व्यवस्थापन गरी वर्थिङ सेन्टर सञ्चालन गर्ने संघ तथा प्रदेश सरकारमा साझेदारी गर्न पहल गरिने छ। (No More Home Delivery) गाउँ पालीकाको घोपणाको आधार तयार गरिने छ।

- स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित ल्याव सेवा सञ्चालन गरिने छ।

- यस गा.पा. मा सामूदायिक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समूदायमा नियमित स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम अघि वढाईने छ।

- निःशूल्क औपधी वितरण कार्याक्रम बनाइ केही सशूल्क औपधी निःशूल्क वितरण गरिने छ।

- महिला स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रभावकारी गर्न पहल गरिने छ।

- गाउँ पालीकामा आँखा शिविर सञ्चालन गर्न पहल गरिने छ।

- यस पालीकामा जनसंख्याको वढ्दो चापलाई न्यूनिकरण गर्न भेसेक्टोमी, मिनिल्याप लगायतका स्थायी तथा अस्थायी साधन स्रोत लगायत शिविर सञ्चालन गर्न पहल गरिनेछ।

- खोप सेवाकाको लागी भौगोलिक विकटतालाई ध्यानमा राखी उपकेन्द्रहरुको व्यवस्था गरिने छ।

**ग. खानेपानी तथा सरसफाई**

- यस पालिकामा सवैभन्दा वढि खानेपानी समस्या भएका क्षेत्रहरुको समस्या समाधान गर्न पूराना योजनाहरु मर्मत गर्ने अधुरा आयोजनाहरु पुरा गर्ने र वहूउद्देश्यि खानेपानी तथा सिंचाई आयोजनाहरुको पहिचान गरी त्यस पालीकाको खानेपानी समस्या समाधान गर्न संघ, प्रदेश सरकार र संघ सस्थाहरु सँग समन्वय, साझेदारी गरि खा.पा. समस्या समाधान गरिने छ।

- खानेपानी तथा सिंचाइका क्रमागत आयोजनाहरुलाई सम्पन्न गरिने छ।

- स्वच्छ खानेपानीमा सवैको सहज पहूँच पुऱ्याउने निति अवलम्वन गरिने छ।

- पूराना, नाउला धारा संरक्षण गर्दै हिम पोखरी तथा वर्पे पानीको रीजर्भ पोखरी निर्माण गर्ने नीति लिइने छ।



Scanned with CamScanner

- बजार व्यवस्थापन समितिलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गरीने छ।
- खानेपानीको सहज पहुँचका लगी लिप्ट प्रविधिको विस्तार गरी कार्यन्वयनमा लगीने छ।
- नेपाल सरकारको आगामी ३ वर्ष भित्र सबै जनतालाइ आधारभुत स्तरको खानेपानी सूविधा उपलब्ध गराइने निति अनूसार खा.पा. उपलब्ध गराउन खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जूमा गरी कार्यन्वयन गरिनेछ।
- विभिन्न पानीजन्य रोगबाट उन्पन्न हुन सक्ने महामारीबाट सूरक्षित रहन जनचेतना मूलक कार्यकम सञ्चालन गरीने छ।
- यस पलाता गाउँपालीका भित्रका विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा खानेपानीको ब्यवस्थापन गरीने छ।
- खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी ब्यवस्थापन घरवारी ब्यवस्थापन तथा ब्यवसायक जीविकोपार्जन प्रवर्द्धन कार्यको लागी स्थानीय स्तरमा प्राविधिक स्रोत ब्यक्ति उत्पादन तथा परीचालन गर्ने नीति लिइने छ।

**घ. युवा, खेलकुद, नव प्रवर्द्धन तथा मनोरञ्जन**

- गाउँपालीका खेलकूद विकास समितिलाई गठन पूनर्गठन र सक्रिय गरि खेलकुद विकास रणनिति तयार गरीने छ।
- यस गा.पा. मा रहेका सबै मा.वि. विद्यालयहरुमा खेल तथा अतिरिक्त कियाकलापका आधारभूत सामाग्रिहरुको व्यवस्था गरी शिक्षकलाइ तालिम प्रदान गरिने छ।
- प्रदेश केन्द्र र केन्द्र सरकार सँग समन्वय गरी पालीका स्तरीय सूविधायुक्त रंगशाला निर्माण गर्ने पहल गरीनेछ।
- गा.पा.को आफनै योजना र अन्य साझेदार संघ,सस्था मार्फत गाउँ पालीका स्तरीय र विद्यालय स्तरिय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता, अध्यक्ष कप आयोजना गरिने छ।
- एक वडा एक खेल मैदानको नीति आगामी वर्षबाट अवलम्बन गरिने छ।



Scanned with CamScanner

**ङ. महिला, वालवालिका तथा समाज कल्याण**

**लैङ्गिक समानता र समावेसीकरण :**

- लैङ्गिक हिंसा र घरेलू हिंसा अन्त्य गर्दै, महिला अधिकार र वालवालीकाको सन्र्दभमा जारी भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताका आधारमा महिला र वालवालीकाको संरक्षण, वचाउ, बिकास र सहभागितामा जोड दिने नीति लिइने छ।
- लक्षित वर्गका कार्याकमलाई प्रभावकारी बनाउन विकास समितिको गठन गरी कियासिल बनाईने छ।
- **एकल महिला विकासका लागि पलाँता सरकार कार्यक्रम** मार्फत आय आर्जन कार्यक्रम लागू गरीने छ।
- दलीत, विपन्न, अपाङ्गहरुका लागी आवश्यकता र मागको आधारमा सीप विकास तथा क्षमता अभिवृद्धि सम्वन्धि कार्यकम लागू गरीने छ।
- वालश्रम, वालबिवाह, छाउपडीप्रथा, जातिय भेदभाव तथा छूवाछुत उन्मूलनका लगी कडा निति अवलम्वन एवं जनचेतना मूलक कार्यकम लागू गरीने छ।
- जेष्ठ नागरीक सम्मान कार्यकम लागू गरीने छ।
- महान जनयुद्ध तथा लोकतान्त्रिक आल्दोलनका सहिद परिवारजन र घाईते अपाङ्ग योद्धाहरुलाई आयआर्जन का साथै सम्मान कार्यकम लागू गरीनेछ।

**४. वन वातावरण तथा विपद् व्यवस्थापन**

**क. वन तथा जैविक विविधता**

- यस पलाँता गाउँपालीकामा रहेका सुख्खा र नाङ्गा डाँडा पाखाहरुमा वृक्षारोपण गर्न रैथाने वन नर्सरीहरुको स्थापना गरीने छ।
- सामूदायीक, कवुलीयती तथा नीजि वन खाली वा वाँजो जग्गामा अनुकुल हुने गरी फलफुल लगायत अन्य विरुवाहरुको रोपनमा जोड दिईने छ।

**ख. भू संरक्षण तथा जलाधार व्यवस्था**

- गाउँ पालिका क्षेत्रभित्रका जंगलहरुमा हुने आगलागी रोक्न जनचेतनामूलक कार्यकम सञ्चालन गरीने छ।
- पलाता गाउँ पालीकामा रहेका सरकारी तथा सामूदायीक वन विनासलाइ रोक्न आवश्यक निति वनाइ लागु गरिने छ।



Scanned with CamScanner

- बाढी, पहीरो तथा भूक्षय नियन्त्रणका लागि आवश्यकताका आधारमा तटबन्धन तथा जैविक वार को व्यवस्था मिलाइने छ ।

ग. वातावरण तथा फोहोरमैला व्यवस्थापन

- मानव क्रियाकलापवाट सृजीत प्रदुषणलाई किनारा लगाउन उचीत प्रवन्ध मिलाई वातावरण मैत्री विकासलाई बढावा दिइनेछ ।

घ. विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलता

- प्राकितीक प्रकोपवाट हुने क्षतीलाई न्यूनीकरणका लागि तालिम प्राप्त सामुदायिक स्वयमसेवकको व्यवस्था गरीने छ ।
- जलवायु परीवर्तनले पार्ने असरलाई मध्यनजर गरी उत्थानशिलता एवं सामना गर्न सक्षम समाजको विकास गर्न विभिन्न निकायहरुसँग सहकार्य समन्वय गरीने छ ।

**आदरणीय गाउँसभाका उपाध्यक्ष एवम सभाका सदस्य ज्यूहरु**

४. संस्थागत विकास सेवा प्रभाव र सुशासन

क. नीति, कानुन, न्याय तथा सुशासन

- नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम र स्थानिय सरकार सञ्चालन ऐन परिच्छेद ८ धारा ४६ बमोजीम गाउँ पालीकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिलाई सक्रिय वनाई कार्यालय व्यवस्थापन गरी कानूनि सल्लाहकारको व्यवस्था गरी परीचालन गरीने छ ।
- स्थानिय सरकार सञ्चालन ऐनको धारा ४७ बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रका सम्पूर्ण कार्यहरु गरिने छ । साथै सामान्य झगडा लेनदेनका कारणले हुने विवादको कारण प्रहरी चौकी, जि.प्र.का. र अदालत धाउनु पर्ने समस्याको अन्त्य गरीने छ ।
- न्यायिक समितिले आफनो क्षेत्राधिकार भन्दा बाहिरका मूद्दा मामिलाहरु मात्र न्यायको लागी माथिल्लो निकायमा पठाइने छ ।
- पलाँता गाउँपालिका वडा नं. ४ मा रहेको अस्थायी प्रहरी चौकी स्थायीत्वको लागि पहल गरीने छ ।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सूरक्षा दर्ता कार्यक्रमलाइ अनलाइन मार्फत थप प्रभावकारी वनाइने छ ।
- **"जनता सँग सरकार"** को नारा अन्तरगत दूइ महिनाको एक चोटी फरक फरक ठाउँमा जन भेटघाट शिविरको आयोजना गरीने छ ।



Scanned with CamScanner

- गाउँ कार्यपालीका कार्यलयलाइ **"विकास र समृद्धि पलाँताको आवश्यकता । सुशासनयुक्त, भ्रष्टाचारमुक्त हाम्रो पतिवद्धता ॥"** नाराका साथ सूशासन आधारभुत मान्यतालाइ लागु गरिनेछ ।
- कार्यलयको हित र आन्तरिक आयमा सक्रिय राष्ट्रसेवक हरुलाइ आवश्यक मापदण्ड तयार गरी उत्कृष्ट कर्मचारी घोषण गरीने छ ।
- गैर सरकारी सस्थाका कार्यक्रमलाई नियमन तथा अनुगमनको दायरामा ल्याइने छ ।
- पलाँता गा.पा. का प्रत्येक वडाहरुमा **टोल विकास संस्था गठन** मार्फत जनसहभागिता अभिवृद्धिं गर्ने नीति लिइने छ ।

**ख. संगठनात्मक, विकास मानव संशाधन तथा सेवा प्रवाह**

- जनप्रतिनिधि तथा राष्टसेवक कर्मचारी, शिक्षक, उपभोक्ता समिति, टोल विकास संस्थाहरुका क्षमता अभिवृद्धिका थप कार्यकम लागू गरिने छ ।
- सम्पूर्ण कर्मचारीहरुको इमान्दारीता र पेशा प्रतिको गैर जिम्मेवारी को मूल्याङ्कन गरी पुरस्कार र दण्डमा आधारीत प्रोत्साहन प्रणाली लागू गरीने छ ।

**ग. स्रोत परीचालन**

- करको दर भन्दा दायरालाइ वढाउन जोड दिइने छ ।
- पारदर्शिता, जवाफदेहिता र सुशासनको लागी सूचनाको हक सार्वजनिक सूनूवाइ, सार्वजनिक लेखा परिक्षण, प्रत्येक्ष भेटघाट, सूचना तथा गुनासो अधिकारी, सूझाव पेटीका जस्ता विधिहरु अवलम्वन गरीने छ ।
- अनावश्यक खर्च कटौती गर्न खादा लगाउने कार्यलाइ निरुत्साहित  गर्न स्थानिय स्तरका जस्तै पिपलका पात, दुवो, गाउँ घरमा उत्पादीत फुलमालाहरु सम्मानको रुपमा प्रयोग गर्ने नीति लिइने छ ।
- विनीयोजीत वजेट आवश्यकता विश्लेपण गरी कार्यपालिकाको वैठकवाट रकामान्तर गर्न सकिने छ ।
- यस पलाँता गा.पा. भित्र कार्यकम रहेका गैर सरकारी सस्थाहरुलाइ गाउँ सभा वाट कार्यकम स्विकृती गराएर मात्रै सञ्चालन गराइने छ । साथै उहाँहरुको सहजताको लागी पलाँता सरकार सधै यहाँहरुको साथमा रहने छ ।

**घ. तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन**

- पालिकाको वस्तुस्थिती झल्कीने पार्श्व चित्र (Profile) तयार गरीने छ ।



Scanned with CamScanner

- पालिका स्तरमा संचालन भएका सीपमूलक तालिम लिएका व्यक्तिहरु, लाभग्राही विवरण, व्यावसीक लगानी भएकाहरुको तथ्याङ्क संकलन तथा प्रविष्टी गरी प्राथमीकताका आधारमा विभिन्न कार्यक्रमहरु संचालन गरीने छ।
- वडाहरुमा रहेका वस्तीहरुलाई समानुपातीक र सहभागीतात्मक रुपमा योजना तर्जुमा गरी व्यवस्थापन तथा कार्यान्वयन गरीने छ।

**विविध**

- जनताका भैपरी आउने दैनिक समस्यालाई समाधान गर्न विपद व्यवस्थापन कोपका साथै गा.पा. अध्यक्ष, उपाअध्यक्ष कोपको व्यवस्था गरीने छ।

**अन्तमा**

यस निति तथा कार्यकमको कार्यान्ययन बाट आर्थिक क्रियाकलाप विस्तार हुने,जनतालाइ नजिक बाट सेवा प्रवाह सूसासन कायम गर्ने,सामाजिम सूरक्षा तथा शिक्षा स्वास्थ्य, भौतिक पूर्वाधार, सरसफाइ, खानेपानी जस्ता रोजगारीका अवसर हरु सिर्जना हुने राज्यले लिएका निति र विकासका लक्ष्य विभिन्न रणनिति विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छु।

प्रस्तुत नीति तथा कार्यक्रम वनाउन सहयोग गर्नु हुने यस गा.पा. का उपाअध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु गाउँ कार्यापालीकाका सदस्य ज्यूहरु, गाउँ सभाका सदस्य ज्यूहरु, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा नीर्धारण समिति र बजेट तथा कार्यकम समितिका सदस्य ज्यूहरु, वजेट पूर्व तयारी छलफलका क्रममा आ-आफनो क्षेत्रबाट सुझाव तथा सहयोग गर्ने राजनिति दल, राष्ट्रसेवक कर्मचारी, संघ तथा प्रदेशका विषयगत कार्यालय, गैर सरकारी संस्थाहरु, नागरीक समाज तथा सामुदायीक संस्था, शिक्षक, सामाजिक संघठनहरु, सुरक्षा निकाय, पत्रकार वन्धुहरु र आम पलाँता बासी जनसमूदायहरु सवैलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दै नीति तथा कार्यक्रम सफल र परिणाममूखी कार्यन्वयनमा सवैको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद !

विष्णु बहादुर रोकाया (इन्द्र)
अध्यक्ष
पलाँता गाउँपालीका कालीकोट



Scanned with CamScanner

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नीति तथा कार्यक्रम पारीत गर्ने निर्णय गरीयो।

"विकास र समृद्धि पलाँताको आवश्यकता।

सुशासन युक्त, भ्रष्टाचार मुक्त हाम्रो प्रतिवद्धता॥"

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु,**

सम्मानित गाउँ सभाका उपाअध्यक्ष सम्पूर्ण गाउँ सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत, कृयासिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यू हरु उपस्थित सवै राष्ट्र सेवक कर्मचारी ज्यूहरु, शिक्षक कर्मचारी, वुद्धिजिवि, पत्रकार ज्यूहरु र यस सभामा उपस्थित आम आदरणीय आमा बुवा दाजूभाई दिदि वहिनि, यूवा साथीहरु यस पलाता गाउँपालीकाको १० औं गाउँ सभामा नेपालको संविधान र स्थानीय सरकार सँचालन ऐन २०७४ ले प्रदत्त गरेका अधिकार सहित गठित यस पलाँता गाउँपालीकाको अध्यक्षको हैसियतले यस गरीमामय सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत समारोहमा हाम्रो निमन्त्रणा लाई स्विकार गरी उपस्थित भई सहयोग गरिदिएकोमा **कालीकोट जिल्ला समन्वय समिति उप प्रमुख मिना रावत ज्यू**, लाई मेरो व्यक्तिगत तर्फबाट र गाउँ पालिकाको तर्फ बाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान २०७२ जारी भएपछी दोस्रो पटक सवै स्थानिय तह निर्वाचन सम्पन्न पश्चात पलाँता गाउँ पालीकाले नयाँ जनप्रतिनिधिहरु पाएको छ। यस गौरव पूर्ण अवसरमा नेपाली जनताको स्वतन्त्रता, न्याय, राष्ट्रियताको पक्षमा भएका विभिन्न कालखण्डका स्वतन्त्रताका आन्दोलन, जनयुद्ध र संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागी जीवनको वलीदानी गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता,घाईते, जेलबन्दी तथा राष्ट्रभक्ती सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सवै अग्रजहरु प्रति हृदय देखि नमन गर्दछु । तिनका आश्रीत परिवारजनमा सम्मान व्यक्त गर्न चाहान्छु ।

नेपालको एकात्मक राज्य व्यवस्थाबाट जनताका असिम ईच्छा, आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न नसकेको प्रतिफल स्वरुप स्थानिय तहको संरचना निर्माण भए पश्चात सिंहदरवारको अधिकार गाउँ घरमा पुऱ्याउने उद्देश्यले वर्तमान स्थानीय सरकार गठन भएको हो । राज्य पुन:संरचनाको क्रममा पलाँता गाउँपालीका स्थापना भएको कुरा यहाँहरु माझ विदित्तै छ।

लोकतन्त्रको रक्षा गर्दै स्थानिय वासिको समग्र विकास र समृद्धिमा अहोरात्र पलाँता गाउँपालीका सरकार लागीरहेको छु र लागी रहने प्रतिवद्धता गर्दछ।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु,**

भौगोलीक प्राकृतिक स्रोत साधन,ऐतिहासिक महत्वका दुष्टिले प्रवल सम्भावना भएको तर राज्यको ध्यान पुग्न नसकेको हाम्रो पलाँता गाउँपालीका विकासको गतीमा अघि वढ्न सकेको छैन । आगामी आर्थिक वर्षलाई विकास र समृद्धि वर्षको शुरुवाती छलाङको वर्ष हुनेगरी निति र कार्यकम अगाडी सारेको छु। वजेट विनियोजन तदअनुसार गरीने लक्ष्य राखेको छु । नेपालको संविधान २०७२ स्थानिय सरकार सँचालन ऐन २०७४, संघिय सरकार तथा प्रादेशिक सरकार बाट विभिन्न समयमा जारी गरीएका निति,



Scanned with CamScanner

कानुन तथा महत्वपूर्ण सुझाव यस पालाँता गाउँपालीका बाट जारी भएका विभिन्न नियमावली कार्यविधि, आचार संहिताको परिधि भित्र रहि राजश्व परामर्श समिती, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकका निर्णय,गाउँ कार्य पालीकाका विभिन्नि मितिमा भएका कार्यविधि र कानुनको अधिनमा रहि जनताका आवश्यकता तथा प्राथमीकीकरणलाई ध्यानमा राखी आगामी आ.व.को वजेटको आधारसिलाको रुपमा यस पलाता गाउँ पालीकाको आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम निर्माण गरीएको छ ।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०७९।०८० को निति तथा कार्यक्रमको मार्गदर्शक सिद्धान्त र उद्देश्यहरुका विषयमा प्रकाश पार्ने अनुमति चाहान्छु । संघ, प्रदेश र स्थानिय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गिकरण तथा बाँडफाँड सम्वन्धि मापदण्ड र चालू आर्थिक वर्षको केन्द्रिय तथा प्रदेश बजेट वक्तव्यका यि दस्तावेजहरु नै स्थानिय तहको नीति, योजना, कार्यक्रम र बजेट निर्माण गर्ने मार्गदर्शक सिद्धान्त रहेको छन ।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०७९।०८० का लागी पलाँता गउँपालीकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**१. भौतिक पूर्वाधार विकास**

**क. सडक, पुल तथा यातायात व्यवस्था**

- यसै आर्थिक वर्ष कर्णाली प्रदेश जुम्ला जिल्लाको ओदीदेखि पलाँता गाउँपालीका हुदै सूदुरपश्चिम प्रदेशको वाजुरा जिल्लाको राँफाडाँडा सडक अन्तरप्रदेश र अन्तर जिल्ला स्तरको भएकोले कर्णाली प्रदेश सरकारको गौरवको आयोजनामा राख्न पहल गरीनेछ ।
- यसै आ.व. भित्र जुम्ला जिल्लाको ओदी देखि वाजूरा जिल्लाको सिमाना राँफाडाँडा सम्म ट्रयाक खोली यसै वर्षभित्र यातायतका साधनहरु संचालनमा ल्याउन पहल गरीनेछ । साथै आगामी आर्थिक वर्षवाट यक गाउँ एक सडक मार्फत सबै वडा सदरमूकाम र गाउँपालीका सदरमूकाम जोडने एवं बाह्रै महिना चल्ने सडक निमार्ण गरीने छ ।
- हरित सडक र पर्यटन सडक निर्माण गर्न कहरदेव, भतेडा, रारा र थिर्पू माछालेख पातीहाल्ना जूम्लाको सिमाना सम्म सडक निर्माण गर्न संघ,प्रदेशसरकार र स्थानीय सरकारको साझेदारीमा अगाडी बढाईने छ ।
- आगामी तीन वर्ष भित्र बहुसंख्यक वडा वासीहरुको आधा घण्टाको दूरीमा सार्वजनीक यातायातको पहुँच विस्तार गरीनेछ ।
- थिर्पू, दुर्सि, फागोटी हुदै जाँफे सम्म सडक निर्माण गर्न प्रदेश सरकार सँग पहल गरीने छ ।



Scanned with CamScanner

- अधुरा सडकहरुलाई गन्तव्यमा पुऱ्याईने छ ।
- साझेदार निकायहरुको खोजीगरी पूर्वाधारको क्षेत्रमा लगानीकर्ताहरुसंग सहकार्य समन्वय गरीनेछ ।
- निर्माणधिन सडकका पुलहरुलाई छिटो सम्पन्न गरीने पहल गरीनेछ ।
- मूख्य मुख्य खोलाका पुल निर्माण प्रक्रिया अगाडी वढाउन पहल गरीने छ ।
- निर्माण भएका सडकको स्तर उन्नति गर्न संघ, प्रदेश संगको सहकार्यमा समपूरक कोष मार्फत अघि वढाईनेछ ।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु**

- दश वर्षिय आवधिक गुरु योजना निर्माण गरीने छ ।

## ख. सिचाई

- आधूनिक लिप्ट प्रविधि भित्र्याउने केन्द्र तथा प्रदेश सरकार तथा साझेदार संघ सस्था सँग पहल गरीने छ ।
- साना तथा मझौला सिँचाईका साथै फोहरा सिंचाई एवं थोपा सिँचाई विस्तार गर्ने निति अवलम्वन गरीनेछ ।
- अवरोध भएका साना तथा मझौला सिँचाईलाई सूचारु गराउदै केही नयाँ सिँचाईका योजनाको सूरुवात गरीने छ ।
- ठूला र मझौला सिँचाई निर्माण गर्न संघ र प्रदेश सरकार सँग पहल गरीनेछ ।

## ग. भवन, आवास, वस्ती तथा शहरी विकास

- संघ तथा प्रदेश सरकार संघको सहकार्यमा एकिकृत नमूना वस्ती निर्माणका साथै पहीरोको उच्च जोखीममा रहेका वस्ती स्थानान्तरण गर्न पहल गरीने छ ।
- भवन निर्माण आचार संहिता २०७२ अनूरुप गाउँपालीका स्तरीय आचारसंहिता निर्माण गरी भवन निर्माण र वजार व्यवस्थापनको नीति ल्याईनेछ ।
- यस गाँउपालीकाको प्रशासकिय भवन निर्माण गर्न संघ तथा प्रदेश सरकार संघ पहल गरीनेछ ।
- वडा कार्यालयका भवन नभएका वडाहरुमा भवन निर्माण गर्न पहल गरीने छ ।
- विद्यालय तथा स्वास्थ्य संथाहरुको आवश्यक भवन निर्माण गर्न यसै आ.व. मा पहल गरीने छ ।



Scanned with CamScanner

- सडक निर्माण गर्दा भत्केका ब्यतिगत तथा सार्वजनिक पूर्वाधार हरुको जिल्ला दर रेट, प्राविधिक मूल्याङ्कनको आधारमा पुन निर्माणको लागी अर्थिक व्यवस्थापन गर्ने नीति लिइनेछ ।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु**

**घ. जलस्रोत विद्युत तथा वैकल्पीक उर्जा**

- यस गाँउ पालिकामा रहेका साना तथा मझौला लघु जलविद्युतलाई मर्मत गरी नौ वटै वडामा लाईन विस्तार र विद्युतकिरण गर्न पहल गरीने छ। साथै सम्भाव्यता अध्ययन भएका केही नयाँ आयोजनाहरु संघ, प्रदेश, गाउँपालीका र संघ संस्थाको सहकार्यमा सँचालन गर्न पहल गरीने छ।
- सौर्य सडक बत्ती साथै स्वास्थ्य संस्थाहरु र वडाका मूख्य मठ मन्दिरहरुमा समेत सौर्य बत्ती जडान गर्न पहल गरीने छ ।

**ङ. सूचना तथा संचार :**

- नेपाल टेलीकम सँग समन्वय र सहकार्य गरी धौलागोह राडूनेटामा रहेको टावरलाई मर्मत सम्भार गरी २४ घण्टा 4G सहितको सेवा प्रवाह गर्न तत्काल पहल गरीने छ। साथै संचार सूविधा बाट बञ्चित भू भागमा पूरयाउने वातावरण बनाउनको लागी टावर विस्तार तथा क्षमता अभिवृद्दि गर्नका लागी तत्काल अध्ययन गरीनेछ।
- शैक्षिक संस्था स्वास्थ्य संस्था र प्रशासकिय क्षेत्रहरुमा ईन्टरनेट सूविधा जडान तथा व्यवस्थीत गरीनेछ ।
- यस गाउँपालीकाको आफनै वेभसाइट,फेसवुक साइट, मोबाईल एप्लिकेशन थप प्रभावकारी बनाइने छ । केही नयाँ एप्सहरु संचालनमा ल्याइने छ ।
- रेडियो पलाँता आवाजलाई विस्तृत अध्ययन गरी सामूदायीक रेडीयोको रुपमा संचालन गर्न आवश्यक पहल लिइने छ ।

**आदरणीय गाउँसभाका उपाअध्यक्ष एवम सभाका सदस्य ज्यूहरु**

**२. आर्थिक विकास क्षेत्र**

**क. कृषी तथा भूमी व्यवस्या**

- कृषी पेशालाइ व्यवसायिक करण र सम्मानित पेशाको रुपमा विकसित गर्नको लागी यस गा.पा.को प्रमूख पेशाको रुपमा रहेको कृषीको व्यवसायिक करण, वैज्ञानिक तथा आधुनिकिकरण विना हाम्रो गा.पा. मा अर्थतन्त्रमा गुणत्मक तथा परिणात्मक सूधार हुन नसक्ने कुरालाइ वोध गर्दै कृषी प्रणालीलाइ आधुनिकिकरण, भूगोल सापेक्ष, वातावरण तथा जल वायू अनुकुलन बनाउदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्ने नीति लिइने छ ।



Scanned with CamScanner

- यस गाउँपालीकाको प्रमूख संभावनाको रुपमा रहेको नगदे तथा रैथाने वालीलाइ वढाउन र आम जनताको प्रमूख वालीको रुपमा विकास गराउन विउमा उल्लेख्य अनुदान, प्रविधि साथै वाली जन्य रोग नियन्त्रण लगायत अन्य आवश्यकता अनूसार कृषी विपेसज्ञ सहितको शिविर आगामी वर्षवाट प्रत्येक वडामा सञ्चालन गरिनेछ ।

- स्थानिय भु उपायोग नीति तयार गरी सरकारी, सार्वजनिक, ऐलानी जग्गाहरुको संरक्षणमा जोड दिइनेछ ।

- प्रकृतिक भौगोलीकताको आधारमा यस गा.पा.को जमिनलाइ तिन खण्डमा वर्गिकरण गरिनेछ ।
  (अ) पलाता गाउँपालीका वडा नं १ देखी ९ को सिँचाइ योग्य तल्लो क्षेत्रको जमिनलाइ नगदे बालीको रुपमा विकास गरिनेछ ।

  (आ) वडा नं १ देखी ९ वडा सम्मको विचको भूगोललाइ विभिन्न रैथाने वाली, कागुनु, कोदो, फापर, चिनु लगायत सून्तला, कागती, टिमूर जस्ता वाली र बहूवर्षिय फलफुल उत्पादन क्षेत्रको आगामी वर्ष देखी एक वडा एक नमूना पकेट कार्यकम अगाडी वढाउन विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरु संग साझेदारी गरी आगामी वर्ष वाट व्यवस्थीत उत्पादन गर्ने निति लिइने छ ।

  (इ) गाउँपालीकाको उत्तर माथिल्लो लेकाली भूगोलका सम्भावित क्षेत्रमा स्याउ, ओखर लगायतका फलफुल पकेट क्षेत्र साथै जडीवुडी खेती ब्यवस्थित गर्ने निति आगामी वर्ष वाट ल्याइने छ ।

- नाङ्गा पाखा डाँडा तथा घर बगैंचामा फलफुल बगैचा स्थापना, कृषक तालीम, कृषि मेला प्रर्दशनी, साना सिँचाइ तथा प्लाष्टिक पोखरी, भकारो सुधार, तरकारी, नर्सरी, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन,घाँस खेती प्रवर्द्धन सहकारी समूह र एकल व्यवसाय मार्फत वाखा, कूखूरा, भैंसि पालन फर्म विकास कार्यक्रम सञ्चालन गरिने छ ।

- **"कृषिमा पहिला-आत्म निर्भर महिला"** भन्ने नीति लिइ एक टोल एक महिला समूह निर्माण गरिनेछ ।

- कृषक तथा पशुपालकको मनोवल उच्च राख्न **अध्यक्ष-उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम** शुरु गरिनेछ ।

- स्थानिय उत्पादन वाट कृर्षकहरुलाइ अधिकतम लाभ लिइ जिविको पार्जनमा सूधार ल्याउन उत्पादनको भण्डारण वजारीकरण साथै कृर्षि सामाग्रिको सहज आपूर्तिको लागी आवश्यकता अनूसार संकलन केन्द्र,सिप भणडार, एग्रोभेट स्थापना गर्ने कार्य आगामी वर्षवाट शूरुवात गरिनेछ । सो प्रयोजनको लागी संघ सस्था निजि क्षेत्र तथा सहकारी र समूहलाइ परिचालन गर्ने निति लिइनेछ ।



Scanned with CamScanner

## ख. पशुपन्छि विकास

- सम्भावना अध्ययन गरी आगामी आर्थिक वर्ष वाट पकेट क्षेत्र विस्तार गरीने छ।
- पशुपंक्षि विकास सेवा केन्द्रहरु स्थापना गरी पशु स्याहार तथा विकासका लागि आवश्यक नीतिहरु अवलम्बन गरीने छ।

## ग. सहकारी, गरीवी निवारण, उद्योग तथा आपुर्ति

- सरकारका तीन खम्बे नीति अनुरुप सरकार, सहकारी र नीजी क्षेत्रसँग सहकार्य, समन्वय गरी गरीवी न्यूनीकरणको नीति अवलम्वन गरीने छ।
- साना तथा घरेलु उद्योग स्थापना गरी उत्पादन गर्ने उद्यमीलाई प्रोत्साहन रकमको व्यवस्था गरीने छ।
- वहुसंख्यक जनतालाई ३० मीनेटको यात्रामा वजार केन्द्र सम्म पहुँच विस्तार गरीने छ।

## घ. श्रम तथा रोजगारी

- रोजगार सृजना गर्नका लागि संचालित प्रधानमन्त्री रोजगार तथा मुख्य मन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ।
- स्थानीय स्तरमा रोजगारी सृजनाका लागि विभिन्न कार्यक्रम संचालन गरीने छ।
- श्रम प्रतीको सम्मान राख्दै स्वरोजगार भएका र वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई सीप, अनुभवका आधारमा स्थानीय स्तरमा नै व्यावसाय संचालन गर्न प्रोत्साहन गरीने छ।

## ङ. पर्यटन विकास तथा प्रवर्द्धन :

- पलाँता गाउँपालिकाको वडा नं. २ को युद्ध पर्यटकीय स्थल भकारी चौरमा शहीद स्मारक एवं पार्क निर्माण गरीनेछ।
- पर्यटकीय स्थलको पहीचान गरी प्रवर्द्धनका कार्यक्रम अगाडी बढाइनेछ।
- परम्परागत रुढीवादी अन्धविश्वासलाई प्रतिस्थापन गरी आधुनीक तरीकाका मेला पर्वको आयोजना गरीने छ।
- पलाँताको पहीचान खुल्ने हाम्रो साँस्कृतीसँग जोडीएका सकारात्मक रहनसहन, भेपभुषा संकलन गरी साँस्कृतिक मेला, प्रदर्शनीका माध्यमवाट प्रचार प्रसार गरीने छ।
- पलाँताको स्थानीय मातृ भाषाको खोजतलास गरी लिपीवद्ध गर्ने प्रयास गरीने छ।
- हाम्रा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने नीति लिइएने छ।



Scanned with CamScanner

आदरणीय गाउँसभाका उपाध्यक्ष एवम सभाका सदस्य ज्यूहरु

३. सामाजिक विकास क्षेत्र :

क. शिक्षा विज्ञान तथा प्रविधि

- यस पलाँता गा.पा.का सम्पूर्ण बालबालीकाहरुलाइ शिक्षामा सबैको पहुँच पुऱ्याउदै प्राविधिक, व्यवसायिक र अंग्रेजी माध्यमको नमुना परीक्षण (पाइलटीङ) पढाई सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सामूदायिक विद्यालयहरुमा भुतपूर्व तथा बाहाल वाला जनप्रतिनिधिहरु, कर्मचारी, विद्यालय व्यवस्थापन समिति शिक्षकका सन्ततिहरुलाइ सामूदायिक विद्यालयमा भर्ना गर्ने निति लागू गरीनेछ ।
- एक आपसमा गाभिन चाहाने विद्यालयहरुलाई गाभिए पछि शैक्षिक सुधारका लागी जनशक्ति तथा पूर्वाधारको लागी विपेश अनुदानको व्यवस्था गरिनेछ ।
- वलविकास केन्द्रलाई बालवालीकाको उपलब्ध संस्थाको आधारमा थप विस्तार गरीनुका साथै वाल विकासलाई मूल्याङकनमा आधारीत गरिने छ ।
- गाउँपालिकाको वडा नं. ४ कहरदेवमा रहेको क्याम्पसलाई आगामी आर्थिक वर्षबाट संचालनका लागि आवश्यक वजेट व्यावस्थान गरी कार्य संचालन अगाडी वढाईने छ ।
- नयाँ प्राविधिक विद्यालय सञ्चालन गर्न मापदण्ड पुगेको कूनै विद्यालयलाई विशेप अनुदानको सहयोग गरीनेछ ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरी पूर्वाधार विकास कार्यक्रम गरिनेछ ।
- विद्यालयको नियमित अनुगमन तथा विभिन्न किसिमको निरिक्षण गरिनेछ ।
- आवश्यकता मध्यनजर गरी सामुदायिक अध्ययन केन्द्र कार्यान्वयन गरीने छ ।
- गरीव जेहेन्दार वौद्धिक क्षमताका विद्यार्थीलाई लोक सेवा तयारीका लागि सहयोग गरीने छ ।
- शिक्षा सूधारका लागी गाउँ शिक्षा नीतिलाइ समय सापेक्ष वनाइने छ । साथै सबै कक्षाका सम्पूर्ण परिक्षाहरुलाइ गाउँ पालीका स्तरीय वनाउन आवश्यक जोड दिइने छ ।
- शिक्षक अभिभावक तथा विद्यार्थी विच विज्ञहरुको उपस्थितिमा कम्तिमा वर्षको दुई पटक अन्तरक्रिया गरिने छ ।



Scanned with CamScanner

- पलाँता गा.पा. को सरस्वती मा.वि. थिर्पू ९,मा स्थित आवासलयलाइ आवश्यकता अनुसार पहिचान गरी जनशक्तिको एवं आवश्यक अन्य व्यवस्थापन गरिने छ।

- यस गा.पा. को विकटतालाई मध्यनजर गरी दक्ष जनशक्ति उत्पादनका लागी आगामी वर्षवाट एक जना ईन्जीनियर अध्ययनका लागी कार्यबिधि बनाइ यस गा.पा. वाट छात्रवृत्ति उपलब्ध गर्ने व्यवस्था गरिने छ।

- शिक्षक अभावको समस्यालाई न्यूनिकरण गर्न कार्यविधि बनाइ स्वयम सेवक शिक्षक नियूक्ति गर्नका लागी स्वयमसेवक शिक्षक राख्न सहयोग गर्न निजि क्षेत्र  तथा संघ सस्थालाइ आव्हान गरिने छ।

- विद्यालय स्तरमा खेलकुद कार्यक्रम गर्नका लागी प्रत्येक मा.वि.मा एक खेल एक शिक्षकलाई प्रशिक्षण तालीम तथा खेल सामग्रि उपलब्ध गराइने छ।

- विद्यालय क्षेत्र वाहिरका विद्यार्थीहरुलाइ विद्यालय क्षेत्र भित्र लिइने छ /विद्यालय बिचमै छोडने विद्यार्थीलाइ पून विद्यालयमा फर्काउने नीति अवलम्वन गरिने छ।

**ख. स्वास्थ्य तथा पोषण**

- यस पलाता गाउँपालीकामा वसोवास गर्ने सहिद परिवार, वेपत्ता परिवार, घाइते तथा अपाङ्गता व्यक्तिहरुलाई आवश्यक कार्यविधि बनाइ यसै वर्षबाट निशूल्क स्वस्थ्य विमा गरिने छ।

- यस पलाँता गा.पा.का जन प्रतिनिधिहरुको जोखिम वहनका लागी जीवन विमा गर्न आवश्यक कार्यविधि बनाइ लागू गरिने छ।

- यस पालिकाका ६० वर्ष माथिका जेष्ठ नागरीकलाई स्वस्थ स्याहार कार्यकम लागू गरिनेछ।

- जेष्ठ नागरीक तथा अपाङ्ग र विपन्न नागरिक हरुको स्वास्थ्य सेवालाइ मध्यनजर गरी वर्षको दुई पटक पालीकाको तीन स्थानमा विशेषज्ञ सहितको स्वस्थ्य शिविर सञ्चालन गरिने छ।

- वाल स्वस्थ्य, खोप, पोषण, भिटामिन ए, कार्यकमलाई प्रभावकारी बनाइ प्रत्येक वडामा २ वर्ष मूनिका वाल बालिकाको लेखा जोखा गरी कुपोषित बालवालिकालाई विशेष पोषण प्याकेज कार्यक्रम सञ्चालन गरिने छ।

- स्वास्थ्य संस्थाहरुमा फार्मेसि  सञ्चालन गर्न आवश्यक पहल गरिने छ।



Scanned with CamScanner